श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.४३३

पुनरावेदन नं.०७७-RB-०३११

पुनरावेदन दर्ता मिति २०७७।०७।१९

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७१/०७२)।**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३३, काठमाडौं स्थित एप्पल इन्टरटेनमेन्ट नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०२९८८२४८) को तर्फबाट अख्तियार प्राप्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२९, काठमाडौं बस्ने वर्ष ४६ को रोशन अडिगा............१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं........................................१

श्री आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौं.....................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौं

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री टंकनाथ पौडेल

शुरु निर्णय मिति : २०७६।०४।३०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७।०३।१८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री डासि राम खनाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्बित नजीरः ×**

आन्तरिक राजस्व कार्यालय बत्तिसपुतली, काठमाडौंबाट मिति २०७६।०४।३० मा भएको अन्तिम कर निर्धारणको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मनोरञ्जनात्मक तथा सांस्कृतिक सेवाहरूको कारोबार गर्ने आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री एप्पल ईन्टरटेनमेन्ट प्रा.लि. (स्थायी लेखा नं ३०२९८८२४८) को सम्बन्धमा मू.अ.कर ऐन, २०५२ को दफा २० उपदफा (४क) वमोजिम आन्तरिक राजस्व, विभागका महानिर्देशकको अनुमति लिई आ.व २०६९/०७० र २०७०/०७१ को रिर्भस भ्याट तर्फको छानवीन तथा आ.व २०७१/०७२ को पुर्ण कर परीक्षण गरी स्वीकृत प्रतिवेदन अनुसार मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(घ) को आधारमा मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौंबाट मिति २०७६।०३।३१ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौंबाट मिति २०७६।०३।३१ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशको सूचना करदाताले मिति २०७६।०४।०५ मा बुझीलिई सो को जवाफ मिति २०७६।०४।१९ मा कार्यालयमा पेश गरेको।

३. कार्यालयबाट मिति २०७६।०३।३१ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश बमोजिम हुने निम्नानुसारको रकम रु.१,५३,४९,४४५।- (अक्षरूपी रू. एक करोड त्रिपन्न लाख उनपचास हजार चार सय पैचालिस रुपैयाँ मात्र) र उक्त आदेशको मिति भन्दा पछिको लागि मू.अ.कर ऐन, २०५२ को दफा १९ बमोजिम थप दस्तुर, दफा २६ वमोजिम व्याज लाग्ने भए सो समेत गणना गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) को आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) वमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौंबाट मिति २०७६।०४।३० मा भएको निर्णय।

४. करदाता श्री एप्पल ईन्टरटेनमेन्ट प्रा.लि.ले पेश गरेको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्याकंन गर्दा निम्नानुसारको कर रकम रु.१,५३,४९,४४५।- (अक्षरूपी एक करोड त्रिपन्न लाख उनपचास हजार चार सय पैचालिस मात्र) तिर्नु पर्ने देखिएको र उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला गर्नु पर्ने र तोकिएको मितिमा कर रकम दाखिला नगरेमा जरिवाना, थप दस्तुर तथा ब्याज समेत तिर्नुपर्ने सम्बन्धमा जानकारी गराई करदाता एप्पल इन्टरटेनमेन्ट प्रा.लि.का नाउँमा आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौंबाट मिति २०७६।०४।३० जारी भएको अन्तिम कर निर्धारण आदेश।

५. करदाता एप्पल ईन्टरटेनमेन्ट प्रा.लि.ले आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली, काठमाडौंबाट मिति २०७६।०४।३० मा जारी गरेको आर्थिक वर्ष २०६९/०७०, २०७०/७१ र २०७१/०७२ को मूल्य अभिवृद्धि कर निर्धारण आदेशमा चित्त नबुझाई करदाताले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग समक्ष मिति २०७६।०६।३० मा निवेदन पेश गरेको।

६. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी कारोवार सम्पन्न भएको २५ दिन भित्र दाखिला गर्नुपर्ने र सो नगरेमा सोही ऐनको दफा १९(२) र दफा २६(१) र (२) बमोजिमको थप दस्तुर र ब्याज दाखिला गर्नु गराउनु पर्ने कानूनी व्यबस्था रहेकोमा निवेदकले आर्थिक वर्ष २०६९/०७०, २०७०/०७१ र २०७१/२०७२ मा नेपाल बाहिर रहेको व्यक्तिबाट सेवा प्राप्त गरे वापतको जम्मा भुक्तानी रकम अनुसार दाखिला गर्नु पर्ने मुल्य अभिवृद्धि कर (Reverse VAT) रकम मध्ये रु.१,१४,६३,१५५।—मात्र मिति २०७६।०२।३१ मा दाखिला गरेको भनी कार्यालयको निर्णयमा उल्लेख भएको हुँदा निवेदक करदाताको आर्थिक वर्ष २०६९/०७०, २०७०/०७१ र २०७१/२०७२ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर तर्फको दाखिला गर्न बाँकी करमा कार्यालयबाट सोही ऐनको दफा २०(१) बमोजिम कर निर्धारण गरेको र उक्त कर निर्धारणबाट सिर्जित दायित्वमा र निवेदकले ढिला दाखिला गरेको मूल्य अभिवृद्धि करमा ऐ. ऐनको दफा १९ र २६ बमोजिम थप दस्तुर र ब्याज लाग्ने भएकोले सो समेत गणना गरी हुन आउने मूल्य अभिवृद्धि कर रकम माग गर्ने गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत नै भएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ मा भएको निर्णय।

७. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम दर्ता नभएको नेपाल बाहिरको सेवा प्रदायकबाट नेपालको कुनै व्यक्तिले कर लाग्ने सेवा प्राप्त गरेमा सो सेवा वापत उक्त व्यक्तिले सो सेवा प्रदायकलाई भुक्तानी गर्दा भुक्तानी गरेको मूल्यमा आफैले प्रचलित दरमा (हाल १३ प्रतिशत) मूल्य अभिवृद्धि कर गणना गरी दाखिला गर्नु पर्ने कानूनी व्यवस्था तत्काल पालना नभएकोले नै स्वयं करदाताले आर्थिक वर्ष अनुसारको Reverse VAT charging मूल्य अभिवृद्धि कर रकम आर्थिक बर्ष २०६९/०७० को लागि रू.६१,३१,०९१।९३, आर्थिक बर्ष २०७०/०७१ को लागि रू.३९,८२,८८३।३२ र आर्थिक बर्ष २०७१/०७२ को लागि रू.१३,४९,१८०।०२ मिति २०७६।०२।३१ मा दाखिला गरी सकिएको र सो रकमलाई प्रत्यर्थी कार्यालयले पुनः कर निर्धारण आदेशमा स्वीकार गरेको नै छ। करदाताले गर्नु पर्ने आफ्नो कर्तव्य पुरा गरेको छ। प्रत्यर्थीले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ र २६ बमोजिम वार्षिक १० र १५ प्रतिशतका दरले उक्त तिनै आर्थिक वर्षमा क्रमशः ७१ महिना, ५९ महिना र ४७ महिनाको थप दस्तुर र ब्याज निर्धारण गरेको, सो ऐनको दफा १९(२) र २६ (२) बमोजिम न्याय

सम्मत छैन। यसरी कम्पनीले रिभर्स चार्जको रकम स्वयं घोषणा गरी कर दाखिला गरी सकिएको अवस्थामा कार्यालयले पुनः कर निर्धारण गर्नु न्यायोचित देखिँदैन। प्रत्यर्थी कार्यालयबाट मिति २०७६।०४।३० मा भएको अन्तिम कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०७।१९ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०१।२३ मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एप्पल ईन्टरटेनमेन्ट प्रा.लि. का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री डासिराम खनालले कम्पनी रिभर्स चार्जको रकम भुक्तानी गर्न छुट भएको रकम स्वयं घोषणा गरी कर दाखिला गरी सकिएको अवस्थामा पुनः कर निर्धारण गर्नु न्यायोचित नभएको हुँदा शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश विधि सम्मत नभएको लगायतका कारणबाट सुरु निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागको महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

११. निर्णय तर्फ विचार गर्दा, करदाताको पुनरावेदन जिकिर करदाताले नेपाल बाहिरको व्यक्तिसँग सेवा प्राप्त गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर ढिलो दाखिल गरेको भनी ऐनको दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ बमोजिमको व्याज समेत रु.१,५३,४९,४४५/-हुने गरी जारी गरेको अन्तिम कर निर्धारण आदेश त्रुटी पूर्ण भएकोले बदर गरी पाउ भन्ने रहेको देखिन्छ। शुरु कर कार्यालयबाट करदाताले सेवा प्राप्त गरे बापत आ.ब.२०६९/७०, २०७०/०७१ र २०७१/०७२ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम १३ प्रतिशतले हुने दाखिला गर्न बाँकी मूल्य अभिवृद्धि करमा कार्यालयबाट सोही ऐनको दफा २०(१) बमोजिम कर निर्धारण गरेको र उक्त कर निर्धारण ढिला दाखिल गरे बापत सोही ऐनको दफा १९ र २६ बमोजिम थप दस्तुर र ब्याज गणना गरी अन्तिम कर निर्धारण

गरेको देखिन्छ । मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८ उपदफा (२) मा **"नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ** "भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले आर्थिक बर्ष अनुसारको Reverse VAT charging मूल्य अभिवृद्धि कर रकम आर्थिक बर्ष २०६९/०७० मा रु.६१,३१,०९१।९३, आर्थिक बर्ष २०७०/०७१ मा रु.३९,८२,८८३।३२ र आर्थिक बर्ष २०७१/०७२ मा रु.१३,४९,१८०।०२ मिति २०७६/२/३१ मा दाखिला गरी सकिएको र सो रकमलाई प्रत्यर्थी कार्यालयले पुनःकर निर्धारण आदेशमा स्वीकार गरेको छ भनी पुनरावेदन पत्रमा उल्लेख गरेको देखिन्छ। मूल्य अभिवृद्धि ऐन २०५२ को दफा १८ मा करदाताले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी कारोबार सम्पन्न भएको २५ दिन भित्र दाखिला गर्नुपर्नेमा समयमा कर दाखिल नगरेको कुरा स्थापित हुन आयो। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ को उपदफा (१) मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र बुझाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था गर्दै उपदफा (२) मा करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनुपर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा बार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ भन्ने कानूनी व्यवस्था समेत गरेको पाइन्छ। त्यसै गरी ऐनको दफा २६ को उपदफा (१) मा यस ऐन बमोजिम बुझाउनुपर्ने कुनै रकम म्यादभित्र दाखिल नगरेमा त्यस्तो म्याद नाघेको मिति देखि बुझाउन बाँकी रकममा व्याज लाग्नेछ। त्यस्तो व्याज दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागि निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ भन्ने व्यवस्था रहेको तथा उपदफा (२) मा उपदफा (१) को प्रयोजनको लागि व्याजको दर बार्षिक पन्ध्र प्रतिशत हुनेछ भन्ने कानूनी व्यवस्था गरिएको देखिन आउँछ। करदाताले आ.व. २०६९।७०, २०७०।७१ र २०७१।७२ को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम दाखिला गर्नुपर्ने रिभर्स म्याट रकम मिति २०७६।२।३१ मा दाखिला गरेको भनी ढिला कर दाखिला गरेको तथ्यलाई स्वीकार गरेको देखियो। यसरी करदाताले विदेशी कम्पनी वा व्यक्तिबाट सेवा प्राप्त गरेकोमा सो बापत भुक्तानी गरेको रकममा मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८ को उपदफा (२) बमोजिम भुक्तानीका बखत मूल्य अभिबृद्धि कर दाखिल गर्नुपर्ने कानूनी व्यवस्थालाई उल्लङ्घन गरी मूल्य अभिबृद्धि कर ढिला दाखिला गरेको देखिँदा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम अन्तिम कर निर्धारण गरी दफा १९ र दफा २६ बमोजिमको व्याज समेत जम्मा रु.१,५३,३२,९११/- अन्तिम कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीबाट भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको आदेश समेत ऐनको दफा १९ र २६ को रोहमा मिलेकै देखिदा अन्यथा भन्न मिलेन।

१२. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री एप्पल इन्टरटेनमेन्ट नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०२९८८२४८) को आर्थिक वर्ष २०६९/०७०,२०७०/०७१ र २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ थप दस्तुर र ब्याज निर्धारण गरी आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीबाट मिति २०७६।०४।३० मा भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ मा भएको निर्णय समेत मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ को उपदफा (२) र दफा २६ को रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौंलाई पठाइदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजश्व कार्यालय, बत्तिसपुतली पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः लक्ष्मी प्रसाद शर्मा
ईति सम्वत् २०८० साल जेष्ठ २३ गते रोज ३ शुभम् -------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप